मण्डली अनि सोसाइटी



पाष्टरीय तालीम पुस्तिका

३६

तालीम र वृद्धि

T&M ®

प्रेमसाथ खाँचोमा परेकाहरुको वास्ता गर्ने सेवामा संलग्न हुनको लागि तपाईको मण्डलीको हरेक सदस्यलाई सहयोग गर्नोस् ।

संसारको निम्ति मण्डलीको दोहोरो सेवकाइ

मानिसहरुको निम्ति मण्डलीमा भएका दुइ महान सेवकाइहरु के के हुन्:

- तिनीहरुलाई खीष्टको चेलाहरु हुन सहयोग गर्नु,

- प्रेममा उनीहरुको सेवा गर्नु ।

आज्ञाकारी मण्डलीले सुसमाचार प्रचार मात्र गर्दैन तर यसलाई व्यवहारमा पनि ल्याउँछ । (१ कोरन्थी १३:१)

१ यूहन्ना ४:२०-२१ ले भन्दछः *"यदि कसैले 'म परमेश्वरलाई प्रेम गर्छु' भन्छ, तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो झूटो हो, किनकि आफूले नदेखेको आफ्नो भाइलाई नै प्रेम नगर्नेले नदेखेका परमेश्वरलाई प्रेम गर्न सक्दैन । हामीले उहाँबाट यो आज्ञा पाएका छौं, कि जसले परमेश्वरलाई प्रेम गर्छ त्यसले आफ्नो भाइलाई पनि प्रेम गर्नुपर्छ ।"*

आफ्ना मानिसहरुको लागि आज्ञाकारी मण्डलीले आफ्नो प्रेम दुइ प्रकारले प्रकट गर्दछः

- खीष्टमा परिवर्तन हुनुपर्ने व्यक्तिहरुको लागि यसले सुसमाचार प्रस्तुत गर्दछ ।

- परमेश्वरको सहायतामा तिनीहरुको समस्याको समाधान भेट्टाउन यसले तिनीहरुलाई समर्थ पार्दछ ।

कुनै पनि इसाईले सम्पूर्ण व्यक्तिलाई सेवा पुऱ्याउनु पर्दछ, अर्थात त्यो व्यक्तिको आत्मिकी भोक र तिर्खा, उसको भौतिक खाँचोहरु, अनि उसको सामाजिक खाँचोहरु ।

छिमेकीप्रति इसाई प्रेमले केसित सम्बन्ध राख्दछ:

☐ केवल प्राणसित ।

☐ सम्पूर्ण व्यक्तिसित ।

आज्ञाकारी मण्डलीले समाजलाई परिवर्तन गर्दछ ।

मण्डली इतिहासभरि हेर्दा के देख्दछौं भने महान आत्मिकी जागृतिहरुले समाजमा धेरै सुधार र परिवर्तनहरु ल्याएका छन् । तिनीहरुले सम्पूर्ण व्यक्तिको सेवा गरेका छन्, सम्पूर्ण आवश्यक क्षेत्रहरुमा ।

प्रोटष्टेन्ट सुधारभन्दा अघि यूरोपमा, रोमी धर्मसत्ताले मानिसको विवेकसमेतलाई दबाइराखेको थियो । तर सुधारकहरुले पर मेश्वरको वचन प्रयोग गरेर यो समस्याको समाधान गरे ।

उनीहरुले मानिसहरुलाई यो बुझाइदिए कि खीष्टले उहाँको मृत्यु र पुनरुत्थानद्वारा हामीलाई हाम्रा पापहरुबाट स्वतन्त्र पार्नुहुन्छ । इभान्जलिकल मण्डलीहरु बढ्दै गयो अनि बढिर हचो ।

बाइबलको शिक्षालाई पछ्याएर, मानिसहरुले उनीहरुको विवेक अनुसार परमेश्वरको आराधना गर्ने स्वतन्त्रता पाए ।

मेक्सिकोमा, एक जनजाति झुण्डले उनीहरुमाथि भएको जातीय तथा सामाजिक भेदभाव सहन सकेनन् । उनीहरुले संघर्ष गर्न थाले अनि हिंसा पनि मच्चाए । इभान्जलिकल मण्डली उनीहरुकहाँ पुगे अनि उनीहरुको निम्ति भएको खीष्टको प्रेमबारे बताइदिए । ती जन-जातीहरुलाई अरुहरुको बराबर रुपमा लिन थालियो । हजारौंले खीष्टलाई ग्रहण गरे । पछिबाट, यसैको फलस्वरुप, उनीहरुले शान्तिपूर्वक अनि अझ प्रभावशाली ढङ्गमा उनीहरुको हकको दाबी गर्न समर्थ बने ।

प्रभुले दिनुभएको ज्ञान र प्रेम अनि परमेश्वरको वचन प्रयोग गरेर एक आज्ञाकारी मण्डलीले आत्मिकी र सामाजिक समस्या समाधान गर्ने प्रयास गर्दछ ।

गरीबीको जरा

अरु सामाजिक दुष्टताहरु जस्तै, गरीबी पनि मानिसहरुको स्वार्थीपन र अन्यायको परिणाम हो, अनि शैतानले उक्साएर भएको हो ।

यो प्रायः जसो गरी समाजमा एक दुषित वृतको रुपमा फैलिन्छ । उदाहरणको लागि, कतिपय धनी कामदारहरुले कर्मचारीहरुलाई कम ज्याला दिन्छन्, अनि गरीब मानिसहरु विरक्त र आलसी बन्दछन् अनि चोर्नपट्टि लाग्छन् । यी धनी मानिसहरुले चाहिँ गरीबहरुलाई अझ दबाएर, शंकाजनक

अवस्थामा, अनि नियन्त्रण गरेर फायदा लिन खोज्छन् । यी दुष्टताहरुमा अझ अरु थपिन्छन् जस्तै घृणा, अप्रसन्नता, हिंसा, अज्ञानता अनि अनैतिकता, इत्यादि ।

दुष्टले यो दुषित वातावरणको फायदा लिन्छ । त्यसले झन बढी शंका हालिदिन्छ र मानिसहरुले सकारात्मक समाधानको बाटो नै फेला पार्दैनन् । त्यसले उनीहरुमा अनैतिकता र अज्ञानताले पोषाउँछ, ताकि गरीब मानिसले आफ्ना नीहरुलाई राम्ररी खुवाउन सक्तैन अथवा शिक्षा प्रदान गर्न सक्तैन, नता उनीहरुले तिनीहरुको अवस्थालाई राम्रो बनाउने बारेमा सोंच्नु नै सक्छ । त्यसले गरीबहरुकै माझमा भरोसाको अभाव बढाइदिन्छ, ताकि उनीहरु यो समस्यालाई मिलेर समाधान गर्नको निम्ति शान्तिपूर्वक संगठित हुन सकून् ।



दरिद्रताका खास कारणहरु यस प्रकारका छन्:

- ☐ राजनैतिक र आर्थिक ।
- ☐ नैतिक र आत्मिक ।

दरिद्रताका कारणहरु

तपाईको आफ्नै समुदायमा भएका समस्याहरु थाहा गर्नोस्, जससंग तपाईको मण्डलीले सकारात्मक रुपमा बर्ताव गर्नसकोस् ।

☐ तल्लो शैक्षिक तह

शिक्षाको कमी भएको कारण, धेरै समुदायका हजारौं मानिसहरुले काम पाउन सकिरहेका छैनन् ।

☐ अन्धविश्वास

सुसमाचार नजानेका हुनाले, उनीहरुसित भएको अलिअलि पनि तिनीहरुले हात हेर्ने, र जोखना हेर्ने, अनि "धामीझाँक्रीहरु" मा खर्च गर्दछन् ।

□ अरुको निम्ति वास्ताको कमी र शोषण

हरेक वर्ष, सारा संसारमा, लगभग २ करोड मानिसहरु भोकले मर्दछन् । अरु लाखौं जनसंख्या कुपोषणमा परी मर्ने अवस्थामा छन् । तर यी सब भएको कारण संसार मा भोजनको कमीले होइन, किनकि हरेकको निम्ति खाना प्रशस्त छ । भएता पनि, वितरणमा असमानता, व्यावसायिक अभिरुची, अनि गरीबलाई नोकरी दिन नचाही अन्याय गरेको कारण यी सब हुन गएको हो । गरीबहरुलाई शुद्ध पानी, खाना, अनि शिक्षा दिलाउनु हो भने, प्रशस्त पैसा चाहिन्छ । तर यो रकम त अवैध ड्रग्स अनि मादक पदार्थमा, अपराधको विरुद्ध संघर्ष गर्न अनि युद्धको निम्ति हतियार किन्न जति खर्च गरिन्छ त्यससितको तुलनात्मक दृष्टिकोणमा अति कम हो ।

□ अस्वस्थ बानीहरु अनि छल

वर्षमा, अरबौं रुपियाँ विभिन्न रुप धारण गरेको सूर्तीमा नष्ट गरिन्छ । डाक्टरहरुले अनुमान लगाएका छन् कि क्यान्सर अनि अरु विभिन्न घातक रोगबाट मर्नुको विशेष कारण पनि यही सूर्ती नै हो । अरबौं रुपियाँ भाग्यको खेल खेलेर उडाइन्छ जबकि संसारभरका

असंख्य परिवारहरु खाना र औषधि नपाएर कुपोषण भई मर्दछन् । धोखापूर्ण आर्थिक खेलबाट अरबौं रुपियाँ जसले पाउनु पर्ने हो उनीहरुबाट लुटिन्छन् । मानिसहरुलाई ठग्ने र जालसाजी गर्ने उपाय संसारभर भेट्टाइन्छन् ।

☐ अश्लील चित्र वा साहित्य अनि वेश्यावृत्ति

अश्लील चित्र वा साहित्य (अश्लील पत्रिका, फिल्महरु, भिडियोहरु, इत्यादि) अनि वेश्यावृत्तिले धेरै समुदायहरुका लाखौं मानिसहरुलाई भ्रष्ट पारेको छ ।

☐ अवैध ड्रग्स अनि मादक पदार्थ

अवैध ड्रग्स अनि मादक पदार्थले लाखौंको जीवन र घर हरु बर्बाद पारेको छ ।

☐ लोभी सरकारी अधिकारीहरु

शासन गर्नेहरुलाई घूस दिनाले सबै समाजलाई भ्रष्ट पार्दछ । कतिपय ठूल्ठूला अनि माथि भनिएका किसिमका अनैतिक व्यापारीहरुले विभिन्न रुपमा धेरै धेरै

घूसहरु सरकारी अधिकारीहरुलाई दिन्छन् जसको नतिजा उनीहरुले ड्रग्सहरु बेच्न अनुमति पाउँछन् अनि अरु विभिन्न प्रकारका शोषणहरु गर्दछन् ।

☐ सेनाका खर्चहरु

अनावश्यक युद्धहरु गर्नलाई सैन्य खर्चहरु, अथवा तानाशाहीलाई शक्तिमा राखिराख्न ठूलो सेना पाल्न धेरै खर्च गर्नुपर्ने ।

☐ बन जंगलको फँडानी र भूक्षय

भूमिलाई यस्तो पाराले दुरुपयोग गर्नु जसद्वारा यसको उर्व्वरता हराउँछ ।

☐ प्रदूषण

केमिकल तत्त्वहरु अथवा मानव मलमूत्रद्वारा पानी प्रदूषण भइरहेको छ । (धेरै नानीहरु मानव अथवा पशुहरुबाट दुषित पारिएका पानीमा भएका कीटाणुहरुको कारण पखाला लागेर मर्दछन् ।)

कारखानाहरु, खानीहरु, प्रशोधनहरुबाट निस्केका विषालु धुँवाद्वारा वायु प्रदुषण भइरहेको छ जसले धेरै सास बढ्ने अनि आँखा सम्बन्धी रोगहरु जन्माएको छ ।

☐ सतावट र स्वतन्त्रताको अभाव

इसाई अथवा अरु मत भएकाहरुले स्वतन्त्रताको अभाव र सतावट भोग्नु परिरहेछ ।

☐ विवाह-विच्छेद र व्यभिचार

विवाह-विच्छेद र व्यभिचार संसारभरि चलिरहेको महामारी हो जसले हजारौं घर अनि परिवारहरु नष्ट पारिरहेको छ । यसले उनीहरुमा दुर्गति र दरिद्रता ल्याउँछ, अनि नानीहरुलाई उनीहरुको जीवनकालभरिको लागि गहिरो भावनात्मक चोट, घातक अनुभव अनि बिग्रिएको सम्बन्ध मात्र छोडिराख्छ ।

जब हामी संसारमा यति बढी दुष्टताहरु देख्दछौं, शैतानले हामीमा भएको आशा र साहसलाई गुम गराइदिन्छ– हामीले

प्रेमद्वारा यस्ता दुष्टताहरुलाई पराजित गर्न नखोजौं भन्ने इच्छा त्यसको हुन्छ। तर १ यूहन्ना ४:४ ले भन्दछ: *"जो तिमीहरुमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान हुनुहुन्छ।"*

हामी प्रार्थना गरौं कि प्रभुले आफ्नो इच्छा पूरा गर्नुहुनेछ, अनि उहाँको राज्यमा ल्याउनुहुनेछ। हामी सुसमाचार प्रचार गरौं ताकि मानिसहरु परिवर्तन होऊन् अनि उनीहरुले नयाँ जीवन पाऊन्। उनीहरुको भौतिक खाँचो पूरा गर्नको निम्ति हामी गरीब मानिसहरुलाई व्यावहारिक शिक्षाहरु प्रदान गरौं। यसरी हामी महान विजयहरु देख्न पाउनेछौं।

चोरहरुद्वारा पिटिएको यहूदीलाई असल सामरीले सहायता गरे जस्तै, हामीले पनि हाम्रो छिमेकीलाई प्रेम गरेको येशू ख्रीष्ट चाहनुहुन्छ। वास्तवमा प्रभुले के भन्न खोजिरहनु भएको छ भने यदि हामीले हाम्रो छिमेकीलाई व्यावहारिक रुपमा प्रेम गर्दैनौं भने, हामीले साँचो इसाईत्वको जिम्मेवारी निभाइरहेका छैनौं (लूका १०:२५-३७, मत्ती २५:३१-४६)। अरुहरुलाई प्रेम गर्नु र सहायता पुऱ्याउनु त हाम्रा प्रभु येशू ख्रीष्टसित हाम्रो व्यक्तिगत सम्बन्ध भई उहाँलाई प्रेम गर्नुको स्वाभाविक परिणाम हुनुपर्छ।

तपाईको समुदायमा अरु कुन खाँचोहरु छन् जसमा तपाई अथवा तपाईको मण्डलीद्वारा सहायता पुऱ्याउन सकिन्छ ? (माथि चिन्हित गरिएको गरिबीपन बाहेक अरु खाँचोहरु के के छन् ?)

परमेश्वरले आफ्ना जनहरुलाई अघिबाटै गरिबी र अन्यायको विरुद्ध लड्नलाई प्रयोग गरिसक्नु भएको छ । सबैभन्दा गतिलो दरिद्रता र दुर्गति त्यही ठाउँमा देखिन्छ जहाँ अझसम्म सुसमाचारले भासिने मौका पाएको छैन, अथवा त्यही ठाउँहरुमा जहाँ मण्डलीहरुले आफ्ना छिमेकीलाई आफैलाई जस्तै गरी प्रेम गर्नू भन्ने आज्ञा पालन गरेको छैन ।

साँचो पश्चातापले परिवर्तन हुने व्यक्तिमा अनि सबै समुदायमा परिवर्तन र आशिष ल्याउँछ ।

पापबाट पश्चाताप भन्नाले देखिने पापहरु जस्तै पिउनु आदि-लाई त्याग्नु मात्र बुझिन्न । यो त हृदयमा परिवर्तन हो,

पवित्र आत्माको कामद्वारा खीष्टमा आत्मिक रुपमा पूर्णतया नयाँ जन्म पाउनु हो ।

हृदयको परिवर्तन भन्नाले निम्न कुराहरु बुझ्नसकिन्छ:

- स्पष्ट प्राथमिकताहरु हुनु, परमेश्वरको राज्यलाई पहिलो स्थान दिनु, (मत्ती ६:३३)।
- तपाईको परिवारलाई राम्ररी वास्ता पुऱ्याउनु, (१ तिमोथी ५:८)
- दिनुपर्ने ज्याला दिने अनि अन्याय नगर्ने, (याकूब ५:४)
- भलाइ गर्नु र आफूसँग भएको बाँडचूड गर्नु, (हिब्रू १३:१६)
- अख्तियारवालाहरुको अधिनमा रहनु, (रोमी १३:१-२)
- करहरु तिर्नु, (रोमी १३:६-७)

- इमान्दारपूर्वक काम गर्नु, (एफिसी ४:२८)

- प्राकृतिक श्रोतहरुको प्रयोग र व्यवस्थापनमा जिम्मेवारी हुनु । (उत्पत्ति १:२८-३१)



जब कसैले आफ्ना पापहरुको पश्चाताप गर्छ, यसको परिणाम चाहिँ कसको निम्ति असल जीवन हुनुपर्छ:

☐ उनीहरुकै निम्ति मात्र ।

☐ तिनीहरुको निम्ति अनि उनीहरुको छिमेकीको निम्ति ।

खीष्टमा परिवर्तन हुनुद्वारा सबै समुदायमा असल प्रभाव पर्नु पर्ने हो ।

गरीब मानिसहरुले आफैलाई अनुशासित गर्नुपर्छ, अनि आफ्ना नानीहरुलाई शिक्षा दिलाउन अनि घर मरम्मत गर्न, इत्यादि जरुरी कामको निम्ति, थोरै भए पनि, उनीहरुको आम्दानीबाट केही छुट्याउने गर्नु पर्छ । इसाईहरु उनीहरुको जीवन शैलीमा अरुहरुको निम्ति उदाहरण हुनुपर्छ । (मत्ती ५:१३-१६)

गरीब विश्वासीले के गर्नैपर्छ:

☐ उसको गरीबीलाई स्वीकार गर्नैपर्छ ।

☐ काम गर्नुपर्छ अनि जतिसक्छ त्यति उसले बचाउनु पर्छ ।

प्रभुले हाम्रा खाँचोहरुको प्रबन्ध गरिदिने प्रतिज्ञा गर्नुभएको छ । (लूका १२:२९-३१)

एक बुद्धिमानी विश्वासी उसको जिम्मेवारीमा भएका सबै कुराको असल भण्डारे हो ।

एक असल इसाईले उसको आम्दानीको कम्तिमा दश भाग प्रभुलाई दिन्छ । यसरी उसले परमेश्वरबाट प्रशस्त आशिष पाउँछ (मलाकी ३:१०-१२)। परमेश्वरले मण्डलीलाई दिनुभएको थोकको हेरचाह मण्डलीले राम्रोसंग गर्नुपर्छ । मण्डलीका अगुवाहरु उदारचित्तको, असल र ईमान्दार हुने कुरामा उदाहरणीय हुनुपर्छ ।

उदाहरणको लागि: मण्डलीको एक सदस्यले एक पुस्तक पसलबाट उधारोमा बाइबलहरु पाएछ । उसले ती सबै बेच्यो तर उसले पुस्तक पसललाई पैसा तिरेन । उसको मण्डलीले यसबारेमा थाहा पायो, तर केही भनेन । त्यसपछि, उसले मण्डलीको एक सदस्यलाई ठग्यो पनि, तर मण्डलीले उसलाई सुधारेन ।

तर किन उसले बाइबलको पैसा ठगेकै बेलामा मण्डलीले उसलाई कुनै अनुशासन गरेन ? चोरीको विरुद्ध कुनै कदम नउठाउँदा के बुझियो भने, अविश्वासीहरुप्रति अईमान्दारी हुनुलाई केही जस्तो ठानिएन । यसकारण त्यो मान्छेले पाप गरिरहचो, अनि यो काम एक सार्वजनिक बदनामीको कुरा साथै नयाँ विश्वासीहरुको निम्ति ठेस लाग्ने कारण बन्यो ।

जब पाप गर्दछन्, कुन पाप गरेको हो त्यसको नाउँ काडेर सम्बन्धित व्यक्तिहरुलाई हपार्नु पर्दछ अनि परमेश्वरमा सुध्रिनुको लागि प्रोत्साहित गर्नुपर्दछ । चोरी गरेको छ भने उनीहरुलाई फर्काउन लाउनुपर्छ । कुनै पनि भूल गरिरहेको एक इसाई भाइलाई गलाती ६:१ मा भने अनुसार बढो नम्र भावमा सुधार्नसक्नु नै हामीले उसलाई गर्नसक्ने सबभन्दा प्रेमिलो कुरो हो ।

अर्को उदाहरण: मादक पदार्थ पिउन छोडेर मात्र पश्चाताप गर्ने काममा हामी सीमित हुने होइन, तर जब हामी जान्दछौं कि फोहोर पानी पिउनाले पनि निकै खतरा हुन्छ, तब पनि हामीले पश्चाताप गर्दै, पानी उमालेर खाने गर्नुपर्छ, अथवा पानीको श्रोत तथा कुवा दुषित हुनदेखि जोगाउने काम गर्नुपर्दछ ।

यदि मादक पदार्थ पिएर आफूलाई नष्ट पार्नु पाप हो भने, के दुषित पानी पिउन दिने जस्तो जताभावीको काम गर्न लाएर हाम्रा नानीहरुलाई कष्ट दिनु पनि पाप होइन र ?

☐ ज्यू, हो ।

☐ अहँ, होइन ।

हरेकले जान्दछ कि मादक पदार्थले शरीरलाई हानि पुऱ्याउँछ । तर अन्जान नानीहरुलाई दुषित पानी पिउन दियौं भने त्यसमा भएका विभिन्न प्रकारका कीटाणु र जीवाणुहरुले उनीहरुलाई हानि गर्दछ । खराब पानीकै कारण हरेक वर्ष लाखौं नानीहरु अकालमा मर्दछन् । तरै पनि कतिपय समाजहरुमा यसबारे खासै केही काम गरिएकै छैन ।

टिप्पणीः कसरी पानीलाई शुद्ध पार्न सकिन्छ

पानीमा हुने संक्रमणबाट बँच्नको निम्ति, यसलाई दश मिनट जति उमाल्नु अति राम्रो हुन्छ । अर्को उपाय चाहिँ, राम्ररी बन्द गरिएको तर पारदर्शी (जस्तै बोतलको) भाँडोमा दुइ दिन पूरा घाममा राखिदिने ।

पानीलाई हल्लाएर यसलाई अक्सिजनयुक्त पार्न सकिन्छ । घामको किरणद्वारा रोग उत्पन्न गर्ने ९९.९ प्रतिशत कीटाणुहरु मार्न सकिन्छ । यदि पानी धमिलो छ भने, पहिला यसलाई बालुवा मार्फत अथवा यसैको निम्ति बनिएको फिल्टर (लुगा मात्र होइन) बाट छान्नोस्, अथवा भाँडोमा पानी हाल्न अघि हिलो तल सङ्लिएर जम्मा होस् ।

जातीय अथवा सामाजिक पक्षपातबाट नै धेरै गरीबी आउँछ । इसाईहरुले अरु संस्कृति अनि जातिका मानिसहरुलाई आदर गर्दछन् ।

धेरै पटक कालाहरु र गोराहरुको माझमा, समाजवादी र पुँजीवादीहरुको माझ, अरब र यहूदीहरुको माझमा, स्थानीय र परदेशीहरुको माझमा, अनि मालिक र कामदारहरुको माझमा झगडा हुन्छ ।

जब एउटा झुण्ड अथवा जातिले अर्कोलाई शोषण गर्दछ, तब गरीबीपन आउँछ । तर खीष्टमा त त्यसरी जातिहरु अथवा सामाजिक झुण्डहरुबीच कुनै प्रकारका भिन्नताहरु छैनन् । (एफिसी २:१४-१६)

इसाईहरु अनि काम

शुरुदेखि नै, परमेश्वरले मानव जातिलाई काम दिनुभयो (उत्पत्ति २:५)। हितोपदेश ६:६ ले चेताउनी दिन्छ, *"ए अल्छे, कमिलाकहाँ गएर त्यसको चाल-ढङ्ग हेर् र बुद्धिमानी बन् !"* पावल भन्छन्, *"कसैले काम गर्दैन भने त्यसले नखाओस् ।"*

एक इसाईले शुद्धमति र ईमान्दारपूर्वक काम गर्दछ ।

श्रमिक उसको ज्यालाको योग्य हुन्छ (१ तिमोथी ५:१८)। उसले उचित ज्याला पाउनु पर्छ, अनि स्वस्थ र कृपालु भावमा काम गर्नुपर्दछ ।

कर्मचारीहरुलाई सुरक्षा दिने कानून ल्याउनको लागि इसाईहरुले आफ्नो प्रभाव चलाउनु पर्छ । शोषित कर्मचारीहरु आफै एक भएर शान्त भावमा न्याय पाउन, अनि शक्तिशालीको पाउमा नदबिईरहन, हामीले उनीहरुलाई सहायता गर्नुपर्छ ।

प्रेरित पावलले भने: *"तिम्रो बोलावट हुँदा तिमी कमारा थियौ ? यदि थियौ भने त्यसको वास्ता नगर, तर स्वतन्त्र हुन सक्छौ भने त्यसको फाइदा उठाऊ ।"* (१ कोरन्थी ७:२१)

जब पनि सम्भव हुनसक्छ, इसाई नागरिकहरुले आफ्नैलागि अनि अरुहरुको लागि पनि, शान्तमय उपायहरु लगाएर अन्यायबाट स्वतन्त्रता खोज्न सक्छन् ।

इसाईहरुले के गर्नुपर्छः

- ☐ उनीहरुको आफ्नै लागि अनि आफ्नो परिवारको लागि मात्र काम गर्नुपर्छ ।
- ☐ सबैले न्याय र उचित ज्याला पाउनुपर्छ भनी शान्तमय तरिकामा संघर्ष गर्नुपर्छ ।

हामी आफ्नै लागि मात्र होइन, तर सारा समुदायको लागि, सामाजिक न्याय, उचित ज्याला, शिक्षा अनि सामुदायिक स्वस्थ्यको निम्ति वास्ता गर्नेहरु हुनुपर्दछ ।

इसाई नियोक्ताहरु कस्तो हुनुपर्छः

- ☐ चाँडै धनी हुन खोज्ने ।
- ☐ तिनीहरुको व्यवसाय चाहिँ परमेश्वर र मानिसहरुको सेवाको निम्ति हो भन्ठान्ने ।
- ☐ कर नतिर्ने ।

इसाई व्यवसायीहरुले आफ्नो व्यापारलाई परमेश्वरको महिमा अनि अरुहरु, अर्थात कर्मचारीहरु, ग्राहकहरु तथा आफ्नो भलाइको लागि चलाउँछ । उसले नजायज फाइदाको निम्ति अरुहरुलाई शोषण गर्दैन । उसले कर तिर्ने अनि उसका

कर्मचारीहरुलाई सामाजिक फायदा दिने नियम पूरा गर्छ, अनि नैतिक र नीतिगत नियमहरु जस्तै विज्ञापन, बिक्री, अनि मूल्यको ठीक तरिका अप्नाउँछ। यसरी सारा समुदाय लाभान्वित हुन्छ।

एक इसाईले सधै उसको वचन पालन गर्दछ। ठगी र झूट बोल्नु समाजको लागि एक आतङ्क हो। जब घूसखोरी र छल हुन्छ, मानिसहरुले करार भङ्ग गर्दछन्, तब धेरै व्याज नतिरी ऋण पाउनै गाह्रो पर्दछ। कसैले अरुको वचनमा भर पर्न सक्दैन। समुदायमा कसैले प्रगति गर्नसक्दैन अनि सबैले कष्ट भोग्नु पर्ने हुन्छ।

फेरि तिर्नेछु भनी उधारो लिएको पैसा नतिर्नु चोरी गर्नु भन्दा खराब हो। किन ?

- ☐ ऋण दिने मानिसले भविष्यमा अरु कसैलाई ऋण नदिनसक्छ।
- ☐ ऋण लिनेले चोरीमाथि छलको पाप थपेको छ।

फेरि नफर्काउने हिसाबले उधारो लिनु भनेको चोरी गरेसमान हो। यसले मानव सम्बन्ध बिगार्छ, किनकि यसले चोरीमाथि छली काम गरेको छ। यो ता विश्वासघात हो।



एक इसाई त परमेश्वरको भण्डारे हुन् । उसले पाएको पैसा, बाली, अनि अरु थोकहरु कसरी प्रबन्ध गर्छ, त्यसबारेमा उ परमेश्वरको अघि जिम्मेवारी हुनुपर्छ (मत्ती २५:१४-३०) । हामीले त खाँचोमा परेकाहरुलाई सहायता गर्नुपर्छ, कामको श्रोत थाहा गराइदिनुपर्छ, गरीबहरुको घर बनाउन सहयोग गर्नुपछ, तालीम केन्द्रहरु स्थापित गर्नुपर्छ, ताकि जवान मानिसहरु अनि कर्मचारीहरुले उन्नति गर्नसकून् ।

हामीसँग भएका सबै थोक एक प्रमुख श्रोतबाट आएको हो । के हो त्यो श्रोत ?

☐ हामीहरुको आफ्नै प्रयासहरु ।

☐ सृष्टिकर्ता अनि सबै असल वरदान दिनुहुने परमेश्वर ।

परमेश्वरले हामीलाई दिनुभएका सबै थोकलाई उहाँको महिमाको निम्ति कसरी प्रयोग गर्दछौं, हामी त्यसको निम्ति भण्डारे हौं । त्यसैकारण हामी हाम्रा बिलहरु ठीक समयमा अनि आनन्दपूर्वक तिर्दछौं ।

इसाईहरु अनि लौकिक सरकारहरु

इसाईहरु स्वर्गका नागरिकहरु हुन् (फिलिप्पी ३:२०)। तरै पनि, परमेश्वरले हामीलाई यही पृथ्वीमा जिउनलाई, अनि यहाँ नून र ज्योति बन्नलाई राख्नुभएको छ (मत्ती ५:१३-१६)। यसैकारण हामीहरु यस संसारको पनि अस्थायी नागरिकहरु हौं ।

सरकारहरु परमेश्वरकै आदेशबाट बनिएका हुन्छन् (रोमी १३:१-७)। परमेश्वरले ता असल शासकहरु नै नियुक्त गर्नुहुन्छ, जस्तै मिश्रमा यूसूफ, बेबिलोनमा दानिएल, अनि इस्राएलमा दाऊद । यस्तो नभएको बेला, सरकारहरु भ्रष्ट हुन्छन् । परमेश्वरका सेवकहरुको हैसियतमा, दानिएल जस्तै हामी पनि हरेक कुरामा ख्रीष्टप्रति विश्वासयोग्य भएर, अनि अधिकारीहरुको लागि प्रार्थना गरिदिएर, हामीले पनि सरकार को सुधारको लागि धेरै कुराहरु गर्नसक्छौं । धेरै इसाईहरुले सरकारी कामकाजमा रहेर विश्वासयोग्यसँग प्रभुलाई सेवा पुऱ्याइरहेका छन् ।

सरकारी कार्यालयहरुमा नोकरी गर्ने इसाईहरुलाई आत्मिकी शिक्षा र अगुवाइ चाहिन्छ । एक असल, बलियो चेलापनद्वारा तिनीहरुले यस महत्त्वपूर्ण कामको निम्ति स्थिर जग भेट्टाउन सक्छन् । तब मात्र धेरै ठाउँहरुमा भएका राजनीतिमा पाइने दबाउ, अतिशयोक्ति, अनि झूटहरुसंग तिनीहरुले सामना गर्ने सक्नेछन् ।

जब ज्यालाहरु अन्यायमा पार्ने गरी कम्ति दिइएको हुन्छ, अनि सरकार र चुनावहरुको सबै तहमा ईमान्दारिता अति नै न्यून हुन्छ, सरकारमा हुने इसाईहरुले उचित कानून बनाउने, धर्म

र अभिव्यक्तिको स्वतन्त्रता दिने, सहकारीहरुको आयोजना गर्ने अथवा श्रमिकहरुको यूनियनमा काम गर्ने मौका लिन सक्छ ।

तर, उसको विश्वास र इसाई नैतिकताको विरुद्धमा आउने कुनै कुरामा सरकारमा भाग लिने इसाईले सहभागी हुन मिल्दैन । ख्रीष्टले भन्नुभयो: *"तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु ।"*

एक इसाईले:

- ☐ मण्डलीका अधिकारीहरुको मात्र आज्ञा पालन गर्नुपर्दछ ।
- ☐ जे ठीक छ त्यसको निम्ति सरकारसित सहयोगी बन्दछ ।

परमेश्वरले सरकार हुन दिनुको मतलब चाहिँ व्यवस्था ठीकसंग चलाउनु, दुष्टलाई सजाय दिनु, अनि भलापनलाई प्रोत्साहित तुल्याउनु हो । त्यसैकारण प्रहरीहरु तैनाथ गरिन्छन्, अनि नागरिक व्यवस्था व्यावस्थित गर्न अनि दुष्टहरुलाई सजाय दिलाउन वैध शक्तिहरु परिचालन गरिन्छन् ।
(रोमी १३:१-७)

अनुचित रुपमा सेनाहरु परिचालन गर्ने अथवा आफ्नो शक्तिको दुरुपयोग गर्ने सरकारलाई परमेश्वरले दण्ड दिनुहुनेछ। तरै पनि, इसाई नागरिकहरुले सरकारको विरुद्ध, यसले दुष्ट काम नै गरिरहेको भए पनि, हिंसाको बाटो अप्नाउनुहुन्न। (मत्ती २६:५२, रोमी १२:१७-१८)

परमेश्वरले इसाईहरुलाई मेल-मिलाप गराउनेहरु हुन बोलावट गर्नुभएको छ (मत्ती ५:९)। यसको मतलब यो होइन कि उनीहरु अकर्मक अथवा उदासीन भएर बसून्। बरु उनीहरुले मानिसहरु र सामाजिक न्यायको बीच मिलाप ल्याउन सक्रिय रुपमा, बुद्धिमानीपूर्वक अनि दृढतासंग भाग लिनुपर्दछ। मेल-मिलाप गराउनेहरुले हिंसालाई रोक्ने अनि शान्ति र समानता कायम गर्ने उचित समाधान खोज्दछन्।

सामाजिक हिंसाको अवस्थामा इसाईहरुले के गर्नुपर्ला ?

- ☐ घरभित्र लुक्ने।
- ☐ हिंसामा सहभागी हुने।
- ☐ मेल-मिलाप गराउने।

एक जिम्मेवारी इसाई नागरिकले आफ्नो समुदाय र राष्ट्रमा आफ्नो कर्त्तव्य पूरा गर्छ, अनि उसको सरकारसित बुद्धिमानीपूर्वक सहयोगी बन्दछ ।

- उसले आफ्ना अधिकारीहरुको निम्ति प्रार्थना गर्दछ अनि आज्ञा पालन गर्दछ । (रोमी १३:१-७, १ तिमोथी २:१-४)।

- उसले अति ईमान्दार प्रत्याशीलाई आफ्नो मताधिकार दिन्छ ।

- उसको विवेकले अनुमोदन गरेको सामुदायिक अनि सर कारी कार्यक्रमहरुमा उसले भाग लिन्छ ।

पृथ्वीमा भएको खीष्टको देह अर्थात मण्डलीले परमेश्वरप्रति हाम्रो भक्ति र आज्ञा पालनमा सम्झौता हुने गरी मानवी सर कारसित कुनै सम्बन्ध राख्दैन । खीष्टले भन्नुभयो: *"मेरो र ाज्य यस संसारको होइन ।"* (यूहन्ना १८:३६) उहाँले यसो पनि भन्नुभयो: *"जे सिजरका हुन्, ती सिजरलाई देओ, र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ ।"* (मत्ती २२:२१) मण्डली र राज्यका भिन्नाभिन्नै कार्यहरु छन् । मण्डलीले पर

मेश्वरको वचन र इच्छालाई पूरा गर्छ, अनि सरकारले चाहिँ यदि यसले आफ्नो भूमिका ठीकसंग निभाउँछ भने, कुनै पनि धार्मिक विश्वासलाई काखी नच्यापीकन राष्ट्रका सबै नागरिकहरुको सुरक्षा, शान्ति अनि न्यायको लागि काम गर्दछ । हामीले कसरी खीष्टलाई पछ्याउनु पर्ने हो भन्ने बारेमा कुनै पनि राजनैतिक प्रणालि अथवा कुनै पनि लौकिक व्यावसायिक संस्थाले हाम्रो निम्ति पलिसी नबनाओस् भन्ने कुरामा हामी होशियारी हुनुपर्दछ ।

इसाई नागरिकहरुले मण्डलीलाई जोखिममा नपारी तिनीहरुको राष्ट्रको निम्ति सर्वोत्तम सरकार दिने प्रयास गर्नुपर्दछ । *"मेरो राज्य यस संसारको होइन"* भनी किन येशूले भन्नुभयो होला भन्ठान्नुहुन्छ ? (यूहन्ना १८:३६)

समाजमा सधैं केही न केही समस्याहरु अवश्य हुन्छन्, तर तिनीहरुको निम्ति हामीले केही गर्नसक्छौं:

ख्रीष्टमा, समस्याहरुको समाधानको निम्ति पवित्र आत्मासित असीमित शक्ति छ ।

सारांश जाँच

ठीक उत्तरहरुमा चिन्ह लाउनोस् ।

१. समाजमा एक इसाईको भूमिका के हुन्छ:

- ☐ परमेश्वरको वचन सिकाउने अनि सबै सामाजिक कुराहरु चाहिँ अविश्वासीहरु र सरकारलाई छोडिदिने ।
- ☐ मानिसहरुको सामाजिक र भौतिक समस्याहरु समाधान गर्न सहायता गर्ने ।

२. जब मानिसहरुले ख्रीष्टलाई चिन्नेछन्, यसले क-कसमा भिन्नता ल्याउनेछन्:

- ☐ उनीहरुमा मात्र ।
- ☐ उनीहरुमा अनि उनीहरुको वरिपरि भएका सबैमा ।

३. दुषित पानी के हो:

- ☐ एक सामाजिक समस्या हो जसलाई केवल सरकार ले ठीक पार्नुपर्दछ ।
- ☐ अनावश्यक मृत्युका कारण हुन् अनि यो इसाईहरुको निम्ति एक नैतिक चुनौति हो ।

४ उसको समुदायले समस्याहरु सामना गर्नुपर्दा एक इसाई चाहिँ:

- ☐ मण्डलीमा सहभागी मात्र भइरहन्छ ।
- ☐ बाइबलीय सिद्धान्तहरु अनुसार, तिनीहरुको समाधानको निम्ति प्रयत्नमा जुट्छ ।
- ☐ उसका आफ्नै आवश्यकताहरु मात्र पूरा गर्ने प्रयास गर्दछ ।

व्यावहारिक काम

- तपाईका मण्डलीलाई दरिद्रताका कारणहरु, अनि ईमान्दारपूर्वक गरिएका पश्चातापको सकारात्मक प्रभावहरुको बारेमा बुझाइदिनोस् ।

- कसरी एक इसाईले उसको काममा अनि लौकिक सर कारसित न्याय खोज्नुपर्दछ, सिकाउनु होस् ।

- १ यूहन्ना ३:१८ कण्ठ गर्नोस् ।

- तपाईको समुदायमा भएका दरिद्रता अथवा अन्याय सम्बन्धी समस्याहरु समाधान गर्नको लागि तपाईका मण्डलीका सदस्यहरुले गर्न शुरु गर्नुपर्ने कम्तिमा तीन कार्यक्रमहरु लेख्नोस् ।

टिप्पणीहरु:

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

036NP01A-01